# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २०७९।०८०।०६ २०७९ पौष


**Statement of patients flow for the month of Mangsir 2079**

| OPD | No. of patients |
|---|---|
| General Practice & Emergency Medicine | 2360 |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 2501 |
| Internal Medicine | 5373 |
| Obstetrics & Gynaecology | 4694 |
| General Surgery | 3810 |
| Cardiology | 1356 |
| Gastroenterology & Hepatology | 782 |
| Pulmonary, Critical Care & Sleep Medicine | 675 |
| Dental | 1985 |
| Dermatology & Venerology | 2995 |
| Otorhinolaryngology and Head & Neck Surgery | 2616 |
| Ophthalmology | 1230 |
| Orthopedics | 4240 |
| Psychiatry | 1359 |
| CTVS | 11 |
| Unspecified in MIDAS | 1219 |
| | **Total: 34850** |
| **Emergency** | |
| Central | 2955 |
| Obstetrics & Gynecology | 1273 |
| Pediatrics | 1260 |
| | **Grand Total: 42698** |
| Paying (EHS) | 2525 |
| Nepal Govt. Social Insurance Scheme | 19785 |
| Other different Schemes | 20388 |
| Ward (IPD) | 4045 |
| ICU/CCU/DICU/SICU | 154 |
| NICU/PICU/MICU/Nursery | 155 |
| Dialysis | 1024 |

***Source: Medical Record Section & Nursing Service***

## प्रतिष्ठानमा शिक्षाध्यक्षको नियुक्ती तथा संचालक परिषद् सदस्यहरुको मनोनयन



वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालको पदावधि मिति २०७९।६।२६ मा समाप्त भए पश्चात् रिक्त रहेको उक्त पदमा ईन्टर्नल मेडिसिन विभागका प्रा.डा.संजिव कुमार शर्मा नियुक्त हुनु भएको छ । प्रतिष्ठानको ऐन, २०४९ को दफा ११ (ग) (१) बमोजिम उपकुलपति डा.ज्ञानेन्द्र गिरीको सिफारिसमा सहकुलपति माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानी प्रसाद खापुङ्गले वहाँलाई नियुक्ती गर्नुभएको हो । वहाँको कार्यकाल मिति २०७९।९।६ देखि लागु हुने गरी ५ वर्षका लागि हुनेछ । यसअघि डीन (परीक्षा) प्रा.डा.श्याम थापा क्षेत्रीलाई निमित्त शिक्षाध्यक्षको अतिरिक्त जिम्मेवारी दिइएको थियो ।

भारतको आसाम मेडिकल कलेज, डिब्रुगढबाट सन् १९९७ मा एमडी गर्नुभएका वहाँले Mario Negri Institute of Pharmacological Research (Italy), Royal College of London (UK) तथा Mie University (Japan) बाट Nephrology मा Fellowship गर्नुका साथै काठमाडौं विश्वविद्यालयबाट मुटुसम्बन्धी विषयमा डीएम गर्नुभएको छ । वहाँ विभिन्न अन्तराष्ट्रिय संगठनहरुबाट Innovative Research Award, Young Investigator Award, Emerging Voice of South Asia, World Nephrology Fellowship Award जस्ता विभिन्न प्रतिष्ठित Award हरुबाट सम्मानित हुनु भएको छ । वहाँ मृगौला रोग सम्बन्धी International Society of Nephrology - CKD Advocacy, Asian Initiative of Kidney Disease जस्ता विभिन्न अन्तराष्ट्रिय स्वास्थ्य संगठनहरुका प्रमुख सल्लाहकार समेत हुनुहुन्छ ।

वहाँ विश्व स्वास्थ्य संगठन (WHO) को सर्पदंश सम्बन्धी विशेषज्ञ सल्लाहकार (Expert) समेत हुनुहुन्छ । वहाँलाई धरान नागरिक समाजले 'जनताको डाक्टर' भन्ने उपाधि पनि दिएको छ ।

त्यसैगरी प्रतिष्ठानको ऐन, २०४९ को दफा ७ को उप-दफा (१) (ध) बमोजिम प्रतिष्ठानका शिक्षकहरु मध्येबाट

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

\- सूचना तथा सञ्चार केन्द्र

उपकुलपतिको सिफारिसमा सहकुलपतिले स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिनका प्रा.डा.निलाम्बर झा तथा माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायण राज भट्टराईलाई संचालक परिषद् सदस्यमा मनोनित गर्नु भएको छ ।





मनोनित हुनुभएको प्रा.डा.झा तथा डा.भट्टराईको कार्यकाल मिति २०७९।९।६ देखि लागु हुने गरी ४ वर्षका लागि हुनेछ ।




त्यसैगरी प्रतिष्ठानको ऐन, २०४९ को दफा ७ को उप-दफा (१)(ढ) बमोजिम कार्यकारिणी समितिको सिफारिमा नेपाल सरकारको सिफारिशमा देशभरिका स्वास्थ्य वैज्ञानिकहरु मध्येबाट प्रतिष्ठानको पेरियोडोन्टोलोजी विभागका प्रमुख प्रा.डा.शिवलाल शर्मा तथा उक्त ऐनको उपदफा (१)(च) बमोजिम विश्वविद्यालयका उपकुलपतिहरु मध्येबाट काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा.भोला थापाका साथै पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा.यादव राज कोइराला संचालक परिषद् सदस्यमा मनोनयन हुनुभएको छ । वहाँहरुको कार्यकाल मिति २०७९।९।८ देखि लागु हुने गरी ४ वर्षका लागि हुनेछ ।


## शिक्षा एवम् स्वास्थ्य उपचार सेवामा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान उत्कृष्ट

हालै नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आयोजना गरेको देशभरिका सबै संघीय सरकारी अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुको राष्ट्रिय रुपमा संयुक्त बार्षिक समीक्षा बैठक २०७८/०७९ को प्रतिवेदनले वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले सबैभन्दा उत्कृष्ट सेवा प्रदान गरिरहेको देखाएको छ ।

उक्त समीक्षा बैठकमा पेश गरिएका वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान गरी नेपाल सरकार अन्तर्गतका ६ वटै स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुको प्रगति विवरणको तुलनात्मक अध्ययन गर्दा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सबैभन्दा बढी उपचारका लागि बिरामी आउने गरेको देखिन्छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले एक वर्षमा ४,८१,५१४ जना बिरामीहरुलाई ओ.पी.डी. बाट उपचार सेवा प्रदान गरेको छ । त्यसैगरी, इमर्जेन्सी सेवा एवम् भर्ना भई उपचार पाएका बिरामीको संख्या पनि अन्य प्रतिष्ठानभन्दा बढी रहेको छ । ईमर्जेन्सी तर्फ ६९६८१ जना बिरामीहरुको उपचार गरिएको थियो भने ४२९४८ जना बिरामीहरुले वार्डमा भर्ना भई उपचार प्राप्त गरेका थिए । प्रतिष्ठानले बिरामीको बढ्दो चापलाई मध्यनजर गरी इमर्जेन्सी सेवामा विस्तार गरेको थियो ।




प्रतिष्ठानमा उपचारार्थ आउने बिरामीहरुको मृत्युदर (१.३%) अन्य प्रतिष्ठान भन्दा कम रहेको तथ्यांकबाट देखिन्छ ।

त्यसैगरी, शैक्षिक कार्यक्रम तर्फ वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सबैभन्दा बढी ९ वटा शैक्षिक कार्यक्रमहरु संचालनमा रहेको छ ।

Academic Programs run by Academies

| | |
|---|---|
| NAMS | MD/MS/MDS<br>DM / MCh<br>Nursing<br>Allied Sciences<br>Anesthesia Assistant |
| BPKIHS | MD/MS<br>MDS<br>M.Sc.<br>MPH<br>MDHA<br>DM / MCh<br>MBBS<br>BDS<br>B.Sc. (N), MLT, MIT, BN, |

| | |
|---|---|
| KAHS | MD/MS<br>MBBS<br>B Pharma, BPH, BMS, BNS<br>PCL |
| PAHS | MD/MS<br>MBBS<br>Fellowship in Emergency Medicine, Clinical Rheumatology<br>MPH<br>Nursing |
| PoAHS | MD/MS<br>MBBS<br>Nursing |
| RAHS | In Process for B.Sc. Nursing and BNS<br>MD/MS curriculum drafted/LOI at MEC<br>Infrastructure development underway for MBBS |

## प्रतिष्ठान र Institute of Tropical Medicine, Belgium बीच सम्झौता नविकरण



वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र Institute of Tropical Medicine, Belgium बीच Tropical तथा Infection रोगहरु सम्बन्धी द्विपक्षीय तथा बहुपक्षीय अध्ययन तथा अनुसन्धान गर्ने सम्बन्धी सम्झौता पुन: नविकरण भएको छ । प्रतिष्ठान र उक्त संस्था बीच सन् १९९९ देखि निरन्तर रुपले सहयोग आदान प्रदान भई कालाजार रोग निवारणमा प्रतिष्ठान मार्फत नेपाल सरकारको कालाजार रोग नियन्त्रण सम्बन्धी कार्यक्रममा महत्वपूर्ण भूमिका रहेको थियो । उक्त संस्थाको सहयोगमा प्रतिष्ठानमा कार्यरत शिक्षकहरुले समेत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम प्राप्त गरेका थिए । सन् १९९९ देखि २०१६ सम्म नियमित रुपले सहयोग आदान प्रदान भइरहेकोमा त्यस पछि उक्त संस्थाको सहयोगमा निरन्तरता हुन नसकेकोमा प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरी, माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायण राज भट्टराई र मेडिसिन विभागका एसिस्टेन्ट प्रोफेसर डा.सुरेन्द्र उराँवले उक्त संस्थाको निमन्त्रणामा गत डिसेम्बर ५ देखि १२, २०२२ सम्म बेल्जियम भ्रमण गर्नुभएको थियो ।

भ्रमणको समयमा उक्त संस्थाले प्रतिष्ठानलाई संक्रमित रोगहरुको अध्ययन अनुसन्धान गर्न सहयोग गर्ने प्रतिबद्धता जनाउनुका साथै सन् २०२२ देखि २०२६ सम्मको सहयोग आदान प्रदान गर्ने सम्झौतामा दुवै पक्ष बीच हस्ताक्षर गरियो । एक विशेष समारोह बीच भएको उक्त हस्ताक्षर कार्यक्रममा प्रतिष्ठानका तर्फबाट उपकुलपति डा.ज्ञानेन्द्र गिरी र Institute of Tropical Medicine, Belgium का निर्देशक Dr. Marc-Alain Widdowson ले हस्ताक्षर गर्नुभएको थियो ।

यसका अलावा उपकूलपतिको नेतृत्वको टोलीले दुई दिने COVID-19 सम्बन्धी सम्मेलन र दुई दिने Joint Partner बैठकमा समेत प्रतिष्ठानको प्रतिनिधित्व गरेको थियो ।

## कर्मचारी कल्याण समाजको निर्वाचन हुँदै

प्रतिष्ठानको सञ्चालक परिषद्को ३२औं सभाको नीति र कार्यकारिणी समितिबाट पारित कर्मचारी कल्याण समाजको विधान २०७२ को परिच्छेद - ५ को दफा १० बमोजिम कर्मचारी कल्याण समाजको कार्य समितिको निर्वाचन सम्पन्न गराउन रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाले सुपरभाइजर प्रकाश श्रेष्ठको अध्यक्षतामा सात सदस्यीय निर्वाचन समिति गठन गर्नुभएको छ । सदस्यहरुमा शाखा अधिकृत संजय भट्टराई, नर्सिङ्ग अफिसरहरु मिना लिम्बू, कल्पना शाक्य, कला थापा, सिनियर क्लर्क शिवजी यादव तथा कम्प्यूटर क्लर्क धनेश्वर चौधरी रहनु भएको छ । निर्वाचन समितिले कर्मचारी कल्याण समाजको कार्य समितिको निर्वाचन मिति २०७९ पौष २३ गते शनिबारका दिन हुने गरी निर्वाचन कार्यक्रम सम्बन्धी एक सूचना समेत जारी गरेको छ ।

## प्रतिष्ठानमा ENDOSAARC - 2022 सम्मेलन सम्पन्न




ग्याष्ट्रोइन्टेरोलोजी, ग्याष्ट्रोसर्जरी र जनरल सर्जरी विभागहरुको संयुक्त आयोजनामा प्रतिष्ठानमा २०७९ पौष २ र ३ गते दुई दिने इन्डोसार्क सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा नेपाल, भारत, पाकिस्तान, वंगलादेश र श्रीलंकाबाट ग्याष्ट्रो इन्टरलोजी, ग्याष्ट्रो सर्जरी र जनरल सर्जरीका २०० भन्दा बढी चिकित्सकहरु सहभागी भएका थिए ।

उक्त सम्मेलनको आयोजक समितिका अध्यक्षद्वय प्रा.डा. शैलेस अधिकारी तथा प्रा.डा. राकेश कुमार गुप्ता, मूल आयोजक समितिका सदस्यहरु प्रा.डा. रमेश सिंह भण्डारी, प्रा.डा.सत्येमप्रिया डे सरकार, डा.पलेशमान जोशी लाखे र साइन्टिफिक कमिटिका सदस्य डा. सुरेश प्रसाद साहले संयुक्त रुपमा कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

सम्मेलनमा आमासय, आन्द्रा, कलेजो, पित्तथैली, पित्तथैलीको नली, प्यान्क्रियाज र मलद्धारमा हुने विभिन्न रोगहरुको पहिचान र नयाँ दुरविन प्रविधिबाट गरिने उपचारका चुनौतीहरु सम्बन्धमा वृहत छलफल भएको थियो । साथै, सम्मेलनमा विश्वमा नयाँ नयाँ प्रविधि र उपचार पद्दती कसरी भइरहेको छ भन्ने बारे एकअर्का बीच ज्ञान र अनुभव साटासाट गरिएको थियो ।

कार्यक्रममा चिकित्सकहरुले अनुसन्धान-पत्र पनि प्रस्तुत गरेका थिए । यसबाट कार्यक्रममा सहभागी सबै चिकित्सक, विद्याथीहरुलाई आफ्नो कार्यक्षेत्रमा फाइदा पुगेको आयोजक समितिका सचिव डा. कुनाल बिक्रम देवले जानकारी गराउनु भयो । यो कार्यक्रममा सहभागी चिकित्सकहरुलाई नेपाल मेडिकल काउन्सिलबाट Continuing Professional Development (CPD) १० अंक प्राप्त हुनेछ ।

## M.Ch in Head and Neck Oncology कार्यक्रमको पाठ्यक्रम तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न




प्रतिष्ठानमा Head and Neck Oncology विषयको M.Ch अध्ययनका लागि आवश्यक पाठ्यक्रम तर्जुमा गर्न नाक, कान, घाँटी विभागको आयोजनामा २०७९ पौष १ गते अन्तराष्ट्रिय स्तरको एक दिने HYBRID कार्यशाला गोष्ठी सम्पन्न भएको छ । मानिसको नाक, कान, घाँटीमा हुने क्यान्सरको उपचारका लागि विज्ञहरु उत्पादन गर्न पाठ्यक्रम तर्जुमा गर्ने उद्देश्यले आयोजना गरिएको उक्त गोष्ठीमा नेपाल तथा भारतका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ तथा अन्य विषयका वरिष्ठ चिकित्सकहरुको उपस्थिति रहेको थियो ।

गोष्ठीमा भरतपुर क्यान्सर अस्पतालका तर्फबाट डा. देज गौतम, विराट मेडिकल कलेजका तर्फबाट प्रा.डा. चन्द्रशेखर अग्रवाल सहभागी हुनु भएको थियो भने प्रतिष्ठानका तर्फबाट प्रा.डा. निशा केशरी भट्ट, प्रा.डा. बिक्रम प्रधान सहभागी हुनुहुन्थ्यो । M.Ch अध्ययनको क्रममा ६ महिना भारतको टाटा मेमोरियल क्यान्सर अस्पताल तथा ६ महिना भरतपुर क्यान्सर अस्पतालमा गरी १ वर्ष पोष्टिङ्ग गर्नुपर्ने निष्कर्ष निकालिएको उक्त गोष्ठीमा प्रत्यक्ष रुपमा सहभागी हुन नसक्नु भएका Resource Person हरुमा भारतको मुम्बई स्थित टाटा मेमोरियल क्यान्सर अस्पतालका निर्देशक डा. सि एस रमेश, डीन, प्रा.बनाबली तथा Head and Neck Oncology विभागका प्रमुख प्रा. प्रमेश पाईले ZOOM Meeting मार्फत सहभागिता जनाउनु भएको थियो ।

प्रा.डा. संगीता भण्डारी आयोजक अध्यक्ष तथा डा. शंकर प्रासाद साह आयोजक सचिव रहनुभएको उक्त कार्यशाला गोष्ठीमा निमित्त शिक्षाध्यक्ष, डीनहरुका साथै विभागका शिक्षकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा अध्यक्ष प्रा.डा. भण्डारीले स्वागत मन्तव्य दिँदै कार्यक्रम बारे प्रकाश पार्नु भएको थियो भने सचिव डा. साहले पाठ्यक्रम बारे विस्तृत जानकारी दिनु भएको थियो । कार्यक्रमलाई शैक्षिक डीन प्रा.डा.शिवेन्द्र झाले सम्बोधन गर्नु भएको थियो ।

## प्रतिष्ठानमा NSPOI'S 9th PERIO PG Convention सम्पन्न

गिजा तथा दन्त प्रत्यारोपण सम्बन्धी नेपाली दन्त चिकित्सक समाज (NSPOI) को नवौ स्नातकोत्तर सम्मेलन प्रतिष्ठानको गिजा तथा दन्त प्रत्यारोपण विभागको आयोजनामा मंसिर २३ गते सम्पन्न भएको छ ।



प्रा. डा. शिवलाल शर्माको अध्यक्षतामा भएको सो सम्मेलनमा स्नातकोत्तर अध्यापन हुने वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत देश भरिका पाँच शिक्षण संस्थाहरु (NAMS, पिपुल्स डेण्टल कलेज, कान्तिपुर डेण्टल कलेज, काठमांडौ विश्वविद्यालय शिक्षण अस्पताल) बाट प्राध्यापकहरु, कन्सल्ट्याण्ट चिकित्सकहरु, आवासीय चिकित्सकहरु, नोबेल मेडिकल कलेजबाट विशेषज्ञ चिकित्सकहरु लगायत विभिन्न स्वास्थ्य संस्थाहरुबाट डेण्टल सर्जनहरु र दन्त चिकित्साशास्त्र अध्ययनरत विद्यार्थीहरुको उल्लेखनीय सहभागिता रहेको थियो । सो कार्यक्रममा १८ आवासीय चिकित्सकहरुले Oral Presentation र ९ आवासीय चिकित्सकहरुले Scientific Poster Presentation गरेका थिए भने अतिथि वक्ताहरु डा. रिता सिंह र डा. संजय साहको विशेष प्रस्तुति रहेको थियो । "Perio for All, All for Perio" भन्ने अन्तर विभागीय समन्वय झल्काउने मुल नाराका साथ आयोजित सो कार्यक्रममा मुख्यतया गिजा, परिदन्तिय हाड तथा तन्तुहरुको दाँत लगायत शरीरका अन्य अंगहरुसगको सम्बन्ध, शरीरका अन्य समस्याहरुले गिजामा पार्ने प्रभाव, गिजाको स्वास्थ्य अवस्थाले शारीरिक र मानसिक स्वास्थ्यमा पार्ने प्रभाव, दन्त प्रत्यारोपणमा भएका नविन र आधुनिक विकास र दन्त प्रत्यारोपणले मुख र सम्पुर्ण शरीरको स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव सम्बन्धी वैज्ञानिक चर्चा–परिचर्चा भएको कार्यक्रमका आयोजक सचिव डा. सजिव श्रेष्ठले जानकारी गराउनुभयो ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त शिक्षाध्यक्ष प्रा. डा. श्याम थापा क्षेत्रीले सो सम्मेलन आयोजना हुनु प्रतिष्ठानका लागि गर्वको विषय भएको बताउदै प्रा. डा. शिवलाल शर्मा लगायतको आयोजक समितिलाई शिक्षाप्रद कार्यक्रमको आयोजनाका निम्ति धन्यवाद ज्ञापन गर्नुभयो ।

अहिलेसम्म NSPOI द्वारा आयोजित स्नातकोत्तर सम्मेलन मध्येकै एक उत्कृष्ट र भव्य कार्यक्रमका रुपमा सो सम्मेलन आयोजना भएको देशभरिबाट पाल्नुभएको अतिथिहरुले प्रतिकृया दिनुभयो । डा. रिता सिंह र डा. संजय साहको विशेष प्रस्तुति अत्यन्त ज्ञानवर्धक भएको प्रतिकृया कार्यक्रमका सहभागीहरुको रहेको थियो भने आवासीय चिकित्सकहरुको वैज्ञानिक प्रस्तुति उत्तिकै प्रभावकारी भएको थियो। कार्यक्रम आयोजनाको मुल लक्ष्य चिकित्साशास्त्र, विशेषतः दन्तचिकित्सा शास्त्रमा भएका नविन विकास र उपचार पद्धतिका बारेमा सम्पुर्ण सहभागीहरुलाई अद्यावधिक गराई बिरामीको सेवामा कार्यान्वयन गराउन मद्दत पुऱ्याउनु रहेको जानकारी कार्यक्रमका अध्यक्ष प्रा. डा. शिवलाल शर्माले दिनुभयो ।

## AMR@ LAB परियोजना प्रारम्भका लागि कार्यशाला गोष्ठी सम्पन्न




"Antimicrobial Resistance and Labour Migration across Healthcare Boundaries in Northern South Asia (AMR@ LAB)" परियोजना प्रारम्भ गर्न बनेपा, धुलिखेलमा नोभेम्बर २७, २०२२ देखि डिसेम्बर ७, २०२२ सम्म Project Launch Workshop सम्पन्न भएको छ । उक्त गोष्ठीमा Scientific Advisory Group का विज्ञहरुमध्ये Prof. A David Napier, University College London, Ellina Samtroy Jena, Fellow V.V. Giri National Labour Institute तथा Prof. Dr. Rajib Das Gupta, JNU, Delhi को विशेष उपस्थिती थियो । यसै शिलशिलामा Labor Migrant Worker हरुको स्थिति बारे अध्ययन गर्न भक्तपुरस्थित इटा भट्टा तथा विरगंजस्थित बारा/पर्सा कोरिडोरका छाला फ्याक्ट्री र वायर मेटल (BST, TUBE) फ्याक्ट्रीमा स्थलगत निरीक्षण गर्नुका साथै फ्याक्ट्रीका व्यवस्थापकहरु तथा पेशागत संघ संगठनका नेतृत्वहरुसँग छलफल गरिएको थियो ।

यस अघि बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा Aarhus University, डेनमार्क बीच ५ वर्षे अबधीका लागि उक्त परियोजना शुरु गर्न अप्रिल २०२१ मा सम्झौता (MOU) भएको थियो । प्रतिष्ठानका तर्फबाट उपकुलति डा. ज्ञानेन्द्र गिरीले हस्ताक्षर गर्नुभएको उक्त सम्झौता तत्कालिन शिक्षाध्यक्ष, प्रा.डा.गुरु प्रसाद खनाल, तत्कालिन रजिष्ट्रार, प्रा.डा.मोहन चन्द्र रेग्मी, स्कूल अफ पब्लिक हेल्थका चिफ, प्रा.डा.पारस कुमार पोखेल तथा एडिसनल प्रोफेसर डा.दिपक कुमार यादवको रोहवरमा भएको थियो ।

सम्झौता अनुरुप नेपालबाट बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, भारतबाट बल्लवभाई पटेल चेष्ट इन्स्टिच्युट (दिल्ली यूनिभर्सिटी), साउथ एसिया यूनिभर्सिटी, दिल्ली तथा डेनमार्कबाट Aarhus यूनिभर्सिटीका विज्ञहरु Principal Investigators तथा Co-Investigators रहने गरी उक्त परियोजनाको शुरुवात गरिएको हो । यस परियोजनाको Principal Investigator हरुमा डेनमार्कबाट Aarhus University का विज्ञ प्रा.जेन्स शिवर्ग हुनुहुन्छ भने नेपालबाट प्रतिष्ठानको स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिनका एडिसनल प्रोफेसर डा.दिपक कुमार यादव तथा भारतबाट साउथ एसिया युनिभरसिटी, दिल्लीका डा.मन्दिरा वर्मा बसिल र मल्लीका शाक्य रहनु भएको छ ।

विश्वव्यापी रूपमा एन्टिमाइक्रोबियल प्रतिरोधको वृद्धिका कारण सामान्य संक्रमणहरू सन् २०५० सम्म मृत्युको सबैभन्दा प्रमुख कारण बन्ने प्रक्षेपण गरिएको छ । यस परियोजनाले उत्तरी भारत र दक्षिणी नेपालमा काम गर्ने श्रमिक आप्रवासीहरूको एन्टिमाइक्रोबियल प्रतिरोधको Multi Scalar विश्लेषण गरी बढ्दो विश्वव्यापी स्वास्थ्य समस्या तथा सम्बन्धित नीतिहरुको बारेमा सम्बोधन गर्नेछ ।

## प्रतिष्ठानको आयोजनामा Digital Health Conference Nepal 2022 सम्पन्न




प्रतिष्ठानले स्वीट्जरल्यान्ड स्थित जेनेभा विश्वविद्यालय डिजिटल हेल्थ हबसँगको सहकार्यमा मंसिर १२ र १३ गते २ दिने Digital Health Conference Nepal 2022 काठमाडौंमा सपन्न गरेको छ । सम्मेलनको उद्घाटन गर्दै माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङले डिजिटल स्वास्थ्य सेवा मुलुक र जनताका लागि अत्यन्त आवश्यक रहेको र यसको प्रवर्द्धनमा बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले उल्लेखनीय भूमिका खेलेको भन्दै प्रशंसा गर्दै डिजिटल स्वास्थ्य सेवालाई अझ परिस्कृत र प्रभावकारी बनाउनुपर्ने खाँचो रहेको औंल्याउनु भएको थियो ।

उक्त अवसरमा नेपालका लागि स्वीस राजदूत एलिजावेथ भोन क्यापेलर, नेपाल टेलिकम्यूनिकेशन अथोरिटीका अध्यक्ष पुरुषोत्तम खनाल र टेलिमेडिसिन सोसाइटी नेपालका अध्यक्ष डा. उदय कोइरालाको समेत उपस्थिति रहेको थियो भने स्वीट्जरल्यान्ड, जापान, अस्ट्रेलिया र भारत लगायत नेपालका सरकारी तथा गैरसरकारी क्षेत्रका स्वास्थकर्मी, IT & Computer Engineer, Software Developer लगायतका १५० भन्दा बढीको सहभागीता रहेको थियो ।

उक्त सम्मेलनमा Telemedicine, Telicommunication, Electronic Health Record (EHR), Electronic Medical Record (EMR), Artificial Intelligence (AI), Precision Medicine, Robotic Surgeries, Telementoring जस्ता डिजिटल माध्यमबाट विरामीको स्वास्थ्य हेरचाह गर्न सकिने तथा परामर्श दिन सकिने कुराहरुको बारेमा छलफल भएको थियो । यस सम्मेलनको आयोजनाले प्राथमिक स्वास्थ्य सेवा तथा स्वास्थ्य क्षेत्रलाई Digitalization गरी सबल बनाउन नीति निर्माणमा नेपाल सरकारलाई सहयोग पुग्ने सम्मेलन आयोजक समितिका अध्यक्ष प्रा.डा. नरेन्द्र भट्टको विश्वास छ ।

कार्यक्रममा उपस्थित सम्पूर्णलाई सम्मेलनका अध्यक्ष तथा इहेल्थ एण्ड टेली मेडिसिन कार्यक्रमका Focal Person प्रा.डा.नरेन्द्र भट्टले स्वागत गर्नु भएको थियो भने आयोजक सचिव डा.प्रमेन्द्र प्रसाद गुप्ताले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## प्रतिष्ठानमा National University Hospital, Singapore का विज्ञहरुको भ्रमण

National University Hospital, सिंगापुरका विज्ञहरुद्वारा प्रतिष्ठानको हाडजोर्नी विभागको भ्रमण गर्ने कार्यक्रम सम्पन्न भयो । डिसेम्बर १८ देखि २२, २०२२ सम्म भ्रमणमा रहेको उक्त टोलीमा हाडजोर्नी विशेषज्ञहरु Division of Musculoskeletal Tumor, Division of Musculoskeletal Trauma का Associate Consultant तथा Musculoskeletal Oncology and Complex Trauma Specialist डा.कुमारण रस्सपन, Division of Musculoskeletal Trauma का प्रमुख एवम् Senior Consultant तथा Arthoplasty and Complex Trauma Specialist डा. ओनेइल ग्याभिन केन तथा Department of Hand and Reconstructive Microsurgery का प्रमुख तथा Senior Consultant डा. मार्क एडवर्ड पुहैन्द्रन (Plastic Hand and Micro Surgery Specialist) रहेका छन् ।



वहांहरुसंगै टोलीमा २ जना फिजियोथेरापी शिक्षक श्री राचेल तान रुइफ्केन तथा श्री गो पे हान पनि संलग्न हुनुहुन्थ्यो । त्यस्तै Nanyang Technological University (NTU), सिंगापुरको Lee Kong Chain School of Medicine बाट १९ जना मेडिकल विद्यार्थी तथा Singapore Institute of Technology बाट ८ जना फिजियोथेरापीका विद्यार्थीहरु पनि रहेका थिए ।



Nanyang Technological University (NTU), सिंगापुरको Lee Kong Chain School of Medicine का विद्यार्थी समुदायको पहलमा डा.कुमारणले नेतृत्व गर्नु भएको आशा परियोजना (Aasha Project) अन्तर्गत प्रत्येक वर्ष चिकित्सकहरूको टोलीले विद्यार्थी, चिकित्सा र सम्बद्ध स्वास्थ्य सेवाकर्मीहरूलाई नेपालमा अवस्थित स्वास्थ्य सेवा सुविधाहरू र कर्मचारीहरूसँग सहकार्य गर्न र ग्रामीण परिवेशमा स्वास्थ्य सेवा आवश्यकतालाई पूर्ति गर्ने कार्य गर्दै आएको छ । कोभिड महामारीका कारण विगत २ वर्षदेखि नेपालमा रोकिएको यस सहकार्यले यसपटक पुनः निरन्तरता पाएको छ । यस शिलशिलामा प्रतिष्ठानको स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिनद्वारा संचालन गरिने सामुदायिक निदान कार्यक्रममा मेडिकल विद्यार्थीहरुले भाग लिनेछन् । यस कार्यक्रमबाट विशेषज्ञहरूका लागि अर्थोपेडिक्स विभाग, स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन र फिजियोथेरापी एकाइसंग अन्तरक्रिया गर्ने र भविष्यमा सहकार्यका सम्भावनाहरू खोज्ने अवसर पनि हुने छ ।

## परिकमा विद्यार्थी परिवारको Symposium सम्पन्न

परिकमा विद्यार्थी परिवार, विद्यार्थी कल्याण समाज र जुनियर रेसिडेन्ट्स बेलफेयर सोसाइटीको संयुक्त तत्वावधानमा प्रतिष्ठानमा डिसेम्बर २ र ३ मा छैटौ संस्करणको Symposium Cum Talk Show कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको उद्घाटन निमित्त शिक्षाध्यक्ष एवम् परीक्षा डीन, प्रा.डा.श्याम थापा क्षेत्रीले गर्नुभएको थियो भने उपस्थित महानुभावहरुलाई कार्यकमका संयोजक डा.अञ्जु प्रधानले स्वागत गर्नु भएको थियो ।

उक्त कार्यकममा राष्ट्रका उत्कृष्ट प्रेरणादायी व्यक्तित्वहरु पूर्व स्वास्थ्य सचिव तथा प्रसुती रोग विशेषज्ञ तथा जनस्वास्थ्य विज्ञ प्रा.डा.सुधा शर्मा, सन्

२०२२ को मदन पुरस्कार विजेता डा. नवराज लम्साल, चलचित्र निर्देशक तथा अभिनेता अनुप बराल, लेखिका दिया मास्के लगायतका अतिथिहरुको सहभागीता रहेको थियो । कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानको पल्मोनरी, क्रिटिकल केयर एण्ड स्लिप मेडिसिन विभाग प्रमुख प्रा.डा.नरेन्द्र भट्टले "A Decade of Symposium" को सम्बन्धमा प्रकाश पार्नु भएको थियो । उक्त कार्यक्रममा प्रा.डा.सुधा शर्माले विशिष्ट वक्ताको रुपमा आफ्नो ३५ वर्ष लामो स्वास्थ्य क्षेत्रको अनुभवलाई सहभागीहरु माझ प्रस्तुत गर्नु भएको थियो । त्यस्तै "निजी स्वास्थ्य संस्थानहरुले सरकारी स्वास्थ्य संस्थानहरुलाई प्रतिस्पर्धी वा सहयोगीको रुपमा हेर्छन?" भन्ने विषयमा समूहगत छलफल (Panel discussion) गरिएको थियो । सो छलफल कार्यक्रमको संयोजकमा स्वास्थ्य खबर पत्रिकाका प्रमुख प्रविन ढकाल तथा Panelists का रुपमा प्रा.डा.सुधा शर्मा, प्रा.डा.संगीता भण्डारी, प्रा.डा.चन्द्रशेखर अग्रवाल तथा डा.सत्यदिप भट्टाचार्य रहेका थिए । सार्वजानिक र निजी क्षेत्रका चिकित्सा संस्थाहरु बीचको पूरक गतिशिलता र माहामारीसंग लड्ने हालको उदाहरणलाई उजागर गर्न उपयोगी दृष्टिकोणहरु प्रस्तुत गरिएको थियो । कार्यक्रमको दोश्रो खण्डमा "Future of Medicine" विषयमा बोल्दै Health at Home का संस्थापक एवम् सामाजिक उद्यमी डा. विशाल ढकालले मेडिसिनको अनुशासनमा व्यक्तिगत र प्राविधिक विकासका लागि सम्भावित क्षमता उपर प्रकाश पार्नु भएको थियो । त्यसैगरी "Exploring Juvenoia: Were things really good back in the day?" विषयमा भएको छलफलमा दुई पटक सार्क साहित्यिक पुस्कार विजेता श्री सुमन पोखरेल, श्री अनुप बराल तथा श्री शिलशिला आचार्यको सहभागीता रहेको थियो भने Avni Ventures का संस्थापक एवम् निर्देशक डा.आतिषी ज्योतिका र प्रतिष्ठानका मनोचिकित्सक डा.संजिव मिश्रद्वारा संचालित सो कार्यक्रममा पुरानो पुस्ताले युवाहरु प्रति महशुस गर्ने तिरस्कारको भावहरुका कारण र निराकरण सम्बन्धमा खोजमूलक छलफल भएको थियो । दोश्रो दिनको कार्यक्रमको प्रारम्भमा लेखक तथा रेडियो पत्रकार डा.नवराज लम्सालले आफ्नो महाकाव्य 'अग्नी' मा पुरातन जातीय पूर्वाग्रहबाट पिडित नेपालका सीमान्कृत समुदायको जीवन सम्बन्धमा संभाषण दिनु भयो । साथै, "Sustainability for Medical Practice" विषयमा श्री शिलशिला आचार्यले प्रवचन दिँदै जलवायू परिवर्तनका मुद्दा र दिगोपनमा स्वास्थ्य सेवा प्रणाली र युवाहरुको भूमिका बारे प्रकाश पार्नुभयो । त्यसैगरी, अर्को छलफलमा "Catharsis Through Creativity" विषयमा श्री अनुप बराल, श्री दीया मास्के, डा.नवराज लम्साल,

श्री सुमन पोखरेल र संगीतकार एवम् मेडिसिटी अस्पतालका वरिष्ठ चिकित्सक डा.सत्यदीप भट्टाचार्य सहभागी रहनु भएको थियो । धरानका कवि तथा लेखक सुदिप पाख्रिनले कलाकारको सिर्जनात्मक प्रकृया र भावनात्मक क्षतिपूर्तिका सम्बन्धमा उक्त छलफल चलाउनु भएको थियो ।



तेश्रो छलफलमा SHE Nepal का संस्थापक डा. गरिमा श्रेष्ठले नेपालको ग्रामिण इलाकामा महिनावारी र यौन स्वास्थ्य बारे सचेतना फैलाउनका लागि आफुले गरेको यात्रा स्मरण र कार्यहरु बारे सहभागीहरु माझ आफ्नो अनुभव राख्नु भयो । अर्को छलफल "Understanding Healthcare Professionals in Today's Society" विषयमा डा. गरिमा श्रेष्ठ, डा. विशाल ढकाल, स्कूल अफ पब्लिक हेल्थका चिफ प्रा.डा.पारस कुमार पोखरेल र ओरल प्याथोलोजी विभागका प्रमुख डा.आशिष श्रेष्ठ सहभागी रहनु भएको थियो । उक्त छलफलमा आजको चिकित्सकको सामाजिक व्याख्या, प्रतिमानमा परिवर्तन र स्वास्थ्यकर्मीमा यसको प्रभावको बारेमा प्रकाश पारिएको थियो ।

## Palliative Care सम्बन्धी Guest Lecture सम्पन्न



प्रतिष्ठानको ईन्टर्नल मेडिसिन विभागको आयोजनामा मिति २०७९ पौष ८ गतेका दिन क्यान्सर सम्बन्धी "Palliative and Hospital Care – An Overview" शिर्षकमा भक्तपुर क्यान्सर अस्पतालका निर्देशक तथा Nepalese Association of Palliative Care (NAPCare) का सभापति प्रा.डा.विष्णु दत्त पौडेलले अडिटोरियममा Guest Lecture दिनु भएको थियो । प्रा.डा. पौडेलले अमेरिकाको Wisconsin विश्वविद्यालयबाट सन् २००८ देखि २०१२ सम्म International Pain Fellowship गर्नुभएको थियो भने सन् २०१२ देखि २०१४ सम्म International Leadership in Palliative Care को तालिम प्राप्त गर्नुभएको थियो । विश्व स्वास्थ्य संगठन तथा भक्तपुर क्यान्सर अस्पतालको सहयोगमा प्रतिष्ठानमा Palliative Care को संभावनको अध्ययन गर्ने उदेश्यले वहाँको भ्रमण रहेको थियो । यसै शिलशिलामा हालै प्रतिष्ठानको ईन्टर्नल मेडिसिन विभागबाट एकजना नर्स तथा एकजना सिनियर रेसिडेन्टले ३ हप्ताको तालिम लिई सक्नु भएको छ ।

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology & Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| Pulmonary, Critical Care and Sleep Medicine | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| General Surgery | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| Dertamatology & Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

*Source : Concerned Departments*

## Patients Care Record of Covid- 19 Hospital, BPKIHS (Month of Mangsir, 2079)

Total admission : 0 , Total Discharge : 0, Total PCR Test : 19, Total Positive: 0, Total Follow Up Positive : 0, Death : 0

**Source: Covid Hospital & Dept. of Microbiology**

**Status of Operations done in Mangsir, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 374 | 291 | 32 | 38 | 124 | 34 | **893** |
| Obst. & Gynae | 391 | 38 | 6 | 0 | 70 | 5 | **510** |
| Emergency | 104 | 0 | 26 | 0 | 3 | 0 | **133** |
| Day Care | 0 | 0 | 6 | 27 | 28 | 80 | **141** |
| Derma * | 64 | 9 | 331 | 42 | 236 | 42 | **724** |
| **Total** | **933** | **338** | **401** | **107** | **461** | **161** | **2401** |

**General OT : 1795** — ***Number of safe abortion care service done in Mangsir, 2079: 42***

**Paying OT: 606** — ***Number of cases done in Cardiac Catheterization Laboratory: 137***

**** Asthetic procedures included in minor 100***

***Source: Office of the Metron***

**सच्याइएको..**

*गत कार्तिक महिनामा प्रकाशित सेरोफेरोको अंकमा प्रतिष्ठानमा छात्रावास व्यवस्थापन समिति गठन हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ ।*


**सम्पादन समूह**

प्रा.डा.कृष्णा पोखरेल, प्रवक्ता

डा.चुरामणी पोखरेल, सह-प्रवक्ता

अमृत प्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार

दिव्यराज थापा, शाखा अधिकृत

निरज पोखेल, सि.क्लर्क

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu

spokesperson.bpkihs@bpkihs.edu